नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं. ५८

मितिः २०८३/०४/२८

विषयः घरपझोङ जलवायु परिवर्तन, २०८३ सम्मेलनमा सहभागिता सम्वन्धमा ।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै) ।

घरपझोङ गाउँपालिका मुस्ताङको प.सं.: २०८३/०८४, च.नं. ८३, मिति २०८३/०४/२७ को घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३ मा सहभागिताको लागि आमन्त्रण सम्बन्धी पत्रको छायाँ प्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको बेहोरा आदेशानुसार अनुरोध छ ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री घरपझोङ गाउँपालिका, मुस्ताङ ।

श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईटः- www.mofaga.gov.np

घरपझोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/८४
चलानी नं.: ८३

मिति:- २०८३/०४/२७

ने.सं. :- ११४६ दिल्लागा ३०, बुधबार

विषय:- **"घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३" मा सादर निमन्त्रणा ।**

**श्रीमान् नगर प्रमुखज्यूहरु (काठमाडौँ/ललितपुर/पोखरा/भरतपुर/वीरगञ्ज/विराटनगर महानगरपालिका),**
**श्रीमान् नगर प्रमुखज्यूहरु (११ उपमहानगरपालिका),**
**श्रीमान् नगर प्रमुखज्यूहरु (२७६ नगरपालिका),**
**श्रीमान् अध्यक्षज्यूहरु (४६९ गाउँपालिका),**
**नेपाल ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको आफ्नै पहलमा नेपाल सरकार, प्रदेश सरकार, भगिनी स्थानीय तहहरु, मुस्ताङ जिल्लाका छिमेकी स्थानीय तहहरु र अन्य विभिन्न सहयोगी निकायहरुसमेतको सहयोगमा नेपालका ७५३ वटै स्थानीय तहका प्रमुखज्यूहरु तथा अध्यक्षज्यूहरुको सहभागिता र जलवायु क्षेत्रका विज्ञहरुको उपस्थितिमा यही मिति २०८३ साल भाद्र ३० र ३१ गते **"घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३"** को आयोजना गर्न लागेको बेहोरा अवगत गराउन पाउँदा गाउँपालिकाले अत्यन्त हर्षविभोर महसुस गरेको छ ।

विश्वव्यापी रुपमा भइरहेको जलवायु परिवर्तनका कारण नेपालको हिमाली क्षेत्रमा त्यसका प्रत्यक्ष एवं प्रष्ट असरहरु देखिएको, हिमनदी पग्लिने दर बढ्न गई हिमालको प्राकृतिक सन्तुलन बिग्रिरहेको, हिमनदी पग्लिएर बनेका हिमतालहरु ठूलो र अस्थिर बन्दै गएका कारण अचानक फुटेर बाढी ल्याउने खतरा बढ्दै गएको, हिमरेखा र रुख-रेखाको उचाइ बढ्दै गएको, मौसमसम्बन्धी पुराना कीर्तिमानहरु भंग भई नयाँ कीर्तिमान बन्ने क्रम बढ्दै गएको, पानीको स्रोतमा अस्थिरता आएको कारण खानेपानी र सिँचाइमा समस्या बढ्दै गएको, जैविक विविधतामा असर पर्न गई हिमाली वनस्पति र जनावरहरुको बासस्थानमा परिवर्तन ल्याउनुका साथै केही प्रजाति लोप हुने अवस्थामा पुगेको, कृषि, पशुपालन र पर्यटनजस्ता मानव जीवन र जीविकोपार्जनसँग जोडिएका क्षेत्रहरुमा प्रत्यक्ष प्रभाव पर्न गई हिमाली क्षेत्रका मानिसहरुको आय र जीवनशैलीमा कठिनाइ थपिएको, पूर्वानुमान गर्न नसकिने समय र मौसममा हिउँ पहिरो, सुक्खा पहिरो आदिले जनधनको क्षति एवं कृषि प्रणालीमा असर पुर्याएको, जलवायुजन्य बसाइँसराइ तथा विस्थापन बढ्दै गएको लगायतका अवस्थालाई मध्यनजर गर्दै नेपालका सम्पूर्ण स्थानीय तहहरुको

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पत्र संख्या : २०८३/८४
चलानी नं.: ८३
गण्डकी प्रदेश, नेपाल

एकीकृत आवाज र संयुक्त ऐक्यवद्धतामार्फत् नेपाल सरकार र अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको हो ।

सम्मेलनबाट जलवायु परिवर्तनका कारण नेपालका सबै स्थानीय तहहरुमा सिर्जित अवस्था, प्रकोप र असरहरुको पहिचान गर्दै असर न्यूनीकरण तथा अनुकूलनका उपाय एवं रणनीतिहरुको बारेमा पवित्र कालीगण्डकी नदीको तट, मुक्तिनाथ भगवान् एवं निलगिरी हिमालको काखमा बसेर छलफल गरी हिमालपारिबाट जारी हुने **"जलवायु परिवर्तन सम्बन्धी घरपझोङ घोषणापत्र, २०८३"** मार्फत् स्थानीय तहहरुको एकीकृत एवं संयुक्त आवाजलाई बुलन्द बनाई विश्वसामु पुऱ्याउन सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

अतः निम्न मिति, समय र स्थानमा हुने "घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३" मा हजुरहरुको उपस्थिति एवं सहभागिताका लागि हार्दिकतापूर्वक सादर निमन्त्रणा गर्दछौं ।

**तपसिलः-**

मितिः- २०८३/०५/३० र ३१ गते

समयः- बिहान ८:०० बजे

स्थानः- जोमसोम कभर्ड हल, घरपझोङ-४, जोमसोम, मुस्ताङ ।

............ २०८३/०४/२६
(भिम कुमार बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

**पुनश्चः-**

१. श्रीमान् नगर प्रमुखज्यू/अध्यक्षज्यू र अन्य एक जना गरी एक स्थानीय तहबाट दुई जनाको लागि मिति २०८३/०५/२९ गते बेलुका देखि दुई रात र दुई दिनको खाना, बास र खाजाको व्यवस्थापन यस गाउँपालिकाबाट हुने व्यहोरा अनुरोध छ ।
२. बसाइ व्यवस्थापनका लागि तहाँ स्थानीय तहबाट सहभागी हुने श्रीमान् नगर प्रमुखज्यू/अध्यक्षज्यू र थप एक जनाको नामावली मिति २०८३/०५/१५ गते भित्र उपलब्ध गराई सहयोग गरिदिनु हुन अनुरोध छ ।
३. जलवायु परिवर्तनबाट तहाँ स्थानीय तहहरुमा परेको असरसँग सम्बन्धित फोटोहरु सम्मेलन स्थलमा प्रदर्शनीमा राखिने भएकाले मिति २०८३/०५/१५ गते सम्ममा यस गाउँपालिकाको इ-मेल ठेगानामा पठाइदिनु हुन अनुरोध छ ।
४. जलवायु परिवर्तनको असर र अनुकूलन सम्बन्धमा तहाँ स्थानीय तहहरुको धारणा र घोषणापत्रमा समेटिनुपर्ने मुख्य विषयवस्तुहरु मिति २०८३/०५/१५ गते भित्र उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/८४

चलानी नं.: ८४

मितिः- २०८३/०४/२७

ने.सं. :- ११४६ दिल्लागा ३०, बुधबार

विषयः- <u>आवश्यक सहजीकरण सम्बन्धमा ।</u>

**श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरबार, काठमाडौँ ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाले यही मिति २०८३ साल भाद्र ३० र ३१ गते आयोजना गर्न लागेको **"घरपझोङ जलवायु परिवर्तन सम्मेलन, २०८३"** मा नेपालका सम्पूर्ण महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाका नगर प्रमुखज्यूहरु र सम्पूर्ण गाउँपालिकाका अध्यक्षज्यूहरुलाई सहभागिताका लागि निमन्त्रणा गरिएको यस कार्यालयको च.नं. ८३ मिति २०८३/०४/२७ को पत्र यसै साथ संलग्न गरी पठाइएको छ । उक्त पत्र तहाँ मन्त्रालयको वेबसाइटमा समेत प्रकाशन गरी सम्पूर्ण स्थानीय तहहरुमा सूचना सम्प्रेषण हुने व्यवस्थाका लागि आवश्यक सहजीकरण एवं सहयोग गरिदिनु हुन हार्दिकतापूर्वक अनुरोध छ ।

................
०८३/०४/२७

(भिम कुमार बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

"घरपझोङको समृद्धि : कृषि, पर्यटन र संस्कृति"

फोन नं.:०६९-४४००१६, इमेल: gharapjhongrmunicpality@gmail.com, info@gharapjhongmun.gov.np वेबसाइट: gharapjhongmun.gov.np